ADCCN ई-बुलेटिन
e-Bulletin
Association of District Coordination Committees of Nepal
जिल्ला समन्वय समिति महासंघ नेपाल
Vol. 1 [Issue – VII] (जिल्ला समन्वय समिति महासंघ नेपालको ई-बुलेटिन) E-Bulletin, February-May 2019 (२०७५ फागुन-२०७६ जेठ)

# जिल्ला समन्वय समिति महासंघ नेपालको प्रयासः “राष्ट्रिय महिला दिवसको घोषणा २०७६”




**प्रथम राष्ट्रिय महिला अधिकार दिवस, २०७६** कार्यक्रम को सह-आयोजक जिल्ला समन्वय समिति महासंघ नेपाल रहेको उक्त कार्यक्रम महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री थममाया थापाको अध्यक्षतामा सम्माननीय प्रधानमन्त्री के. पी. शर्मा ओलीको प्रमुख आतिथ्यतामा २०७६ जेठ १६ गते काठमाण्डौं स्थित राष्ट्रिय सभा गृहमा भब्य रुपमा सम्पन्न भयो । कार्यक्रमको समुद्घाटन सम्माननीय प्रधानमन्त्रीज्यूले पानसमा दियो बालेर गर्नु भएको थियो । उद्घाटन सत्रमा उप-प्रधानमन्त्री उपेन्द्र यादव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री लालबाबु पण्डित, भूमिसुधार ब्यवस्था तथा गरिवी निवारण मन्त्री पद्मा अर्याल, पूर्व सभामुख सुवास नेम्वाङ, सम्माननीय प्रधानमन्त्रीज्यूको धर्मपत्नी राधिका शाक्य विशेष अतिथिको रुपमा सहभागि हुनुभएको थियो । त्यस्तै उक्त कार्यक्रममा महिला अधिकार सम्बन्धि सार्वजनिक महत्वको प्रस्तावलाई समर्थन गरि सदनमा टेबुल गराउनु हुने तत्कालिन सभासदहरु श्री नारायण प्रसाद साउद, श्री नवराज सुवेदी तथा श्री कमला पन्त अतिथिको रुपमा उपस्थिति हुनुभएको थियो । उक्त कार्यक्रममा ७७ वटै जिल्ला समन्वय समितिका महिला प्रमुख/उप-प्रमुख र एकजना महिला सदस्य, २९३ नगरपालिकाहरुका महिला मेयर/उप-मेयर र ४६० गाउँपालिकाहरुका महिला अध्यक्ष/उपाध्यक्षहरुको सक्रिय सहभागिता रहेको थियो ।

जिल्ला समन्वय समिति महासंघ नेपालले नेपालमा महिला अधिकारलाई संस्थागत गर्न २०६३ जेठ १६ गते तत्कालिन संसदले माननीय सांसद श्रीमति विद्यादेवी भण्डारीद्वारा प्रस्ताव र माननीय कमला पन्त, माननीय नवराज सुवेदी, माननीय नारायण प्रसाद साउद समर्थक रहेको विशेष संकल्प प्रस्ताव निम्न चार विशेष अधिकार सहित पारित गरी नेपालको जनसाख्यिक धरातलमा आधा आकास ओगेटेको महिलावर्गको सन्मान तथा सामाजिक समानता स्थापित भएको छ ः

- **आमा वा बाबु मध्ये कसैको नामबाट पनि सन्तानले नागरिकता पाउन सक्ने कुराको ग्यारेन्टी गर्न ।**

- **समानुपातिक सहभागिताको लक्ष्यमा पुग्ने कुरालाई ध्यानमा राखी हाललाई कम्तीमा एक तिहाई महिलालाई राज्यको सबै संरचनामा सहभागिताको ग्यारेन्टी गर्न ।**
- **विभेदकारी कानुनको खारेजी गर्न ।**
- **महिलाप्रति हुने गरेको हिंसाको अन्त्य गर्न ।**

हरेक बर्ष जेठ १६ गते महिला अधिकार स्थापित गरेको दिनका रुपमा, स्वतन्त्र नेपालमा महिला र पुरुष बिचको भिन्नता छैन सबै स्वतन्त्र छन् भन्ने आधार बसाएको र यसैको जगमा नेपालको संविधानले नागरिक सर्वोच्चता र समानताको विभिन्न धारामा प्रावधानहरु राखेको तथा मौलिक हकहरु (३१ वटा) मा महिलाको हक (धारा ३८) समेत उल्लेख गरेकोले नेपाली महिलाले गर्व गर्ने पर्वका रुपमा पनि हरेक वर्ष जेठ १६ गतेलाई मनाउनु पर्छ । र यस वर्ष संघीयता कार्याँन्वयनका लागि जुटेका निर्वाचित महिला नेतृत्व स्थानीय तह, जिल्ला समन्वय समिति, नगरपालिका एवं गाउँपालिकामा बसेर राज्यले ब्यवस्था गरेको संविधान र कानूनहरुलाई प्रयोग गर्दा कस्ता अवसर र चुनौतीको सामना गर्दै हुनुहुन्छ । वास्तवमा यो अवस्था सम्म आउँदा विधि र विधानले कस्तो अवस्थाको परिकल्पना गऱ्यो र त्यसलाई ब्यवहारमा कार्यान्वयन गर्दा के कस्तो हुँदैछ भनेर स्वतन्त्र विश्लेषण प्रस्तुत गरि सबैको साझा बुझाई बनाई प्रभावकारी भूमिकामा महिला नेतृहरु रहने अवस्था बनोस् भन्ने अभिप्रायले महासंघले प्रस्ताव बनाई नेपाल सरकारको साथ र समर्थन खोज्ने क्रममा माननीय महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री श्री थममाया थापाले यो कार्यक्रमको आयोजक मन्त्रालय हुने र महासंघ सह-आयोजक भूमिकामा बसिदिंदा नेपाल सरकारबाट राष्ट्रिय महिला अधिकार दिवस घोषणा गराउन सकिने सल्लाह दिए अनुसार महासंघ सहितको कार्यक्रम आयोजना गर्ने मूल समारोह समिति माननीय मन्त्रीज्यूको अध्यक्षतामा गठन भएको हो ।

यस सन्दर्भमा माननीय मन्त्रीज्यूको प्रस्ताव अनुसार नेपाल सरकार मन्त्रीपरिषदको मिति २०७६ जेठ ६ गतेको बैठकले जेठ १६ गतेलाई महिला अधिकार दिएको रुपण मनाउने निर्णय गऱ्यो र यसवर्षको नारा "लैङ्गिक विभेदको अन्त्यः समृद्ध नेपालको गन्तब्य" बनाई महिला हिंसा अभियान वर्ष २०७६ भनिएको छ ।

**के.पी. शर्मा ओली : प्रधानमन्त्री**




सरकारको तर्फबाट तमाम नेपाली महिलाहरुलाई हार्दिक बधाई भन्न चाहन्छु । यसै दिन २०६३ मा पुर्नस्थापित संसदले बिषेश संकल्प प्रस्तावको पक्षमा निर्णय पछि महिलाहरु राष्ट्रिय जीवनका हरेक क्षेत्रमा एकतिहाई हुनुपर्छ भन्ने दूरगामी प्रस्ताव पास भएको ऐतिहासीक दिनले विश्वमा नेपालको शिर ठाडो भएको छ। गतवर्ष संयुक्त राष्ट्रसंघमा विश्वमा महिला नेतृत्वले महिला अधिकार खुम्चीएको ले सजगहुन आहवान गरेको अवस्थामा नेपालमा महिला अधिकार बढेको अवस्था छ । बि सं. २०६३ को पुर्नस्थापित संसदमा महिला अधिकारका लागि संकल्प प्रस्तावको नेतृत्वगर्नु हुने तत्कालिन माननीय एवं बर्तमान सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीलाई ऐतिहासिक बधाई ज्ञापन गर्न चाहन्छु ।

आज, हाम्रा दिदी वहिनीहरु अगाडि बढनु भएको छ । अवसर पाउने दिदी वहिनीले राष्ट्रिय तथा अन्तराष्ट्रिय पदक र गरिमा बढाएका छन् । अवसर उपलब्ध गराउनु छ । इतिहासमा महिलाको विद्वता ब्यापक छ । नेपालमा महिलाहरुको सन्मान थियो भन्ने कुरा बेदका ऋचा, साहित्य, सामाजिक न्यायले पुष्टिगर्दछ । अधिकारका लागि नै योगमाया न्यौपानेले शासक प्रति आक्रोस देखाउन तमोर नदिमा आफना ५७ जना सखी सहित हामफाल्नु भयो त्यो ऐतिहासिक थियो । जीवन समाधिस्थ नगरि संर्घष गर्नु पर्थ्यो आफैं आत्महत्या गर्नु हुदैन । तपाई महिलाको जागरण अव धेरै भन्नु छैन । एक महिला शिक्षित हुदां सम्पूर्ण परिवार शिक्षित हुने कुरामा आफूपनि बिश्वास गर्छु । पुरुषार्थताले एकजना मात्र सुरक्षित भएर अन्य महिलालाई हेला गर्न मिल्दैन समान हक अधिकार दिनुपर्छ । ब्यवहारमा स्थापित हक अधिकार स्थापित गराउन अझै कामपुरा भएको छैन । शिक्षा र सामाजिक जीवनमा लाग्न अवसर र प्रेरणा दिनुपर्छ । सम्पत्तिको हक र परिचालन हुनु आवश्यक छ । जनपुरको नेकपा एमालेको भेलामा राजनितिमा महिला सहभागिता २० प्रतिशत बाट शुरु भएको र महिलाहरुको सक्रियता राम्रो भएकै कारण स्थानीयतहमा ४० प्रतिशत भन्दा बढी निर्वाचित हुनुभएको छ ।

प्रधानमन्त्रिले अमेरिकन, ब्रिटिस, क्युवा, फिनल्याण्ड का महिला बहस हेरेको चर्चागर्दै एकपटक फिनल्याण्डको प्रतिनिधीले क्रोडेशिया भ्रमणमा भेट हुदां नेपालमा ३३ प्रतिशत महिलामात्र राजनितिमा थिए तर त्यहाँ क्रोडेशियामा ५३ प्रतिशत महिला रहेछन् । मलाई नेपालको कस्तो छ भनेर सोध्लान भनेर डराँए ।

महिला दिदी वहिनीले आज चाड मनाउनु पर्छ । यसले सकारात्मक संन्देश सम्प्रेसित गर्छ । नेपालको संविधानमा महिला अधिकार जानीबुझी मिलाएर राखेका छौं त्यसको कार्यान्वयन प्रति दृढताका साथ गर्दछौं । घरघरमा महिला हिंसा भएर महिला रोए भने नेपाली सुखी हुन सक्दैनन् ।

**सुवास नेम्बाङ् : पूर्व सभामुख**



महिला अधिकारका लागि प्रस्ताव भएको विषेश संकल्प प्रस्ताव पासगर्न महत्वपूर्ण भूमिका खेल्नु हुने तत्कालिन सभामुख ले संबिधान निर्माण र महिला अधिकारको प्रवन्धका लागि २०६३ को पुर्नस्थापित संसदमा भएका गाँविधिको स्मरण गर्दै अगाडि भन्नुभयो, प्रस्ताव पारित भयो अव के हुन्छ ? महिलालाई जनप्रतिनिधिका रुपमा संसदमा ३३ प्रतिशत विजयी वनाउने प्रस्ताव संसदबाट पारित भयो अव कसरी महिला जुटाउने भन्ने बिषय हरेक पार्टीमा अहम मुध्दा थियो। त्यसको जवाफ घरघरबाट महिलालाई सक्रिय बनाउनु पर्छ ५० प्रतिशत पुग्छ भनेर आफूले जिकिरगरिरहंदा आज यहांहरुको उपस्थितिले मेरो विश्वासलाई सावित गरेको छ । अझैपनि यसता मुद्दामा नेपालका सबै राजनितिक दल र बैठकहरुमा उभिने गर्दछ । त्यसका लागी सबैलाई बधाई छ । सहभागी स्थानीय सरकारका प्रतिनिधी भएपनि भेषभुषा ब्यवहारलाई पर्यवेक्षकको दृष्टिबाट हेर्दा सुधार गर्न सकिन्छ ।

**सिता सुन्दास : अध्यक्ष, जिल्ला समन्वय समिति महासंघ नेपाल**



जिल्ला समन्वय समिति महासंघ नेपालका अध्यक्ष एवं स्याङ्जा जिल्ला समन्वय समितिका प्रमुख सीता सुन्दासले महिला अधिकार दिवस २०७६ लाई महिला आन्दोलनको युगीन उपलब्धी भएको भन्दै विगतमा समाजमा रहेका सबैखाले विभेद र उत्पिडनका विरुद्ध नेपाली महिलाहरुले इतिहास रचेको स्मरण गर्दै योगमाया न्यौपानेले तत्कालिन महिला उत्पिडन र विभेद विरुद्ध आवाज उठाउँदै महिलाहरुको नेतृत्व गरि तत्कालिन शासक

र शासन विरुद्ध ५७ जना महिला सहकर्मी सहित एकैपटक तमोर नदिमा हामफालेर जलसमाधी लिएको इतिहास छ । त्यस पछिका अवस्थाहरुमा पनि विभेदकारी शासन ब्यवस्था र प्रवृत्तिको विरोधमा विभिन्न क्रान्तिमा नेपाली महिलाहरुले साथ दिएको परिणाम स्वरुप नेपालमा ठूला राजनीतिक परिवर्तन हुँदै आजको अवस्था सम्म आईपुगेको र यसमा महिला मुक्ति आन्दोलन सार्थक भएको प्रति तपाँइहरु सबैलाई हार्दिक बधाई ज्ञापन गर्दछु । नेपाली महिला मुक्तिको आन्दोलनलाई नेपाली आकासमा झल्झलाकार बनाउने गरि वर्तमान राष्ट्रपति सम्माननीय विद्यादेवी भण्डारीले कहिल्यै ननिभ्ने दीयो जगाउनु भएको युगीन उपलब्धीलाई संस्थागत गर्न आज हामी यहाँ उपस्थित भएका छौं । उक्त कार्यको परिणाम स्वरुप राज्यका धेरै नेतृत्व तहमा महिलाको उपस्थिति सुनिश्चित भएको छ र हामी धेरै संख्यामा महिला जनप्रतिनिधिका रुपमा निर्वाचित हुन पाएका छौं । यति हुँदाहुँदैपनि महिलाको बढि प्रतिनिधित्व भएको उप-प्रमुख र अन्य सदस्यलाई राज्यले उचित सम्मान दिन सकेको अवस्था छैन यसकालागि हामी प्रयासरत छौं । राष्ट्र निर्माणको महा अभियानमा लाग्न आजको दिनले हामी लाई थप जिम्मेवार बनाएको महसुश भएको छ । यस अवसरलाई संस्थागत गर्ने क्रममा हामी सबैलाई सफलता मिलोस हार्दिक बधाई छ ।

### कमला पन्त : पूर्व सांसद



तत्कालिन सांसद एवं वर्तमान राष्ट्पतिले महिलाको अधिकारका विषयमा पुर्नस्थापित संसदमा कुनै कुरा उल्लेख नभएको सम्बन्धमा बिषेश प्रस्ताव दर्तागर्ने कुरा उठाएपछि मैले पार्टी भित्र र अन्य धेरै महिला सासंदहरु लाई माननीय विद्याभण्डारीको प्रस्तावमा सर्मथन गर्ने बिषयमा छलफल चलाएं त्यसमा पुरुष भएर पनि माननीय सासद एन पि साउद र माननीय नवराज सुवेदीले दस्तावेज नै नपढि तपाईले भनेपछि साथ दिन्छौ भनेर हस्ताक्षर गर्नु भएको थियो भन्दै उहांले आजको दिन आईपुग्दा सरकारले राष्ट्रिय महिला दिवसको दिनका रुपमा घोषणा गरेको सुन्दा सरकारलाई धन्यबाद दिन चाहन्छु भन्नुभयो। आगामी दिनमा राष्ट्रिय महिला दिवस भब्य हुनेछ । तत्कालिन प्रधानमन्त्री गिरीजा प्रसाद कोइरालाको योगदान र सहयोगले नै उक्त प्रस्तावलाई निर्णयमा पुग्न साथ दियो। यो ठूलो उपलब्धी हो । यति हुदांपनि ब्यवहारमा नेतृत्वमा महिलाको संख्यात्मक उपस्थिति हेर्दा प्रदेश प्रमुख १ जना मात्र महिला मन्त्री एकजना महिला हुनुहुन्छ । अरु मन्त्रीहरु खोइ ? भनाई र गराई फरक छ । निर्णय तहमा ३३ प्रतिशत भन्दा महिला सहभागिता तथा नेतृत्वमा पनि हुनुपर्छ । महिलाको अधिकार तथा राजनितिमा संख्या बढाउने बिषयमा तत्कालका सर्वोच्च अदालतका माननीय न्यायाधीस लक्ष्मण अर्यालले पनि ठूलो साथ दिनुभयो । महिला हिंसा कसरी कम गर्ने, यसको कारकतत्व पहिल्याउने बिषयमा अदालती फैसला भयो । अब हामीले महिलाको आर्थिक विपन्नता कम गर्ने योजना बनाउन सम्बन्धित मन्त्रीलाई हार्दिक अनुरोध पनि गर्दछु ।

### नवराज सुवेदी : पूर्व सांसद



तत्कालिन जनमोर्चा नेपालका तर्फबाट सांसद हुनुहुने माननीय नवराज सुवेदीले आजको महिला अधिकार दिवसमा आफूलाई धेरै कुरा भन्न मन लागेको तर कार्यक्रम समयमा सुरु नहुँदा त्यो अवसर गुमेकोमा दुःख लागेको भन्दै आयोजकले दिएको समयमा आफू उपस्थित हुँदापनि एक घण्टा पछि मात्र प्रमुख अतिथि आई कार्यक्रम सुरु हुनुले समयमा नेपाली नेतृत्व चल्न नसक्ने कुरा सावित भएको छ । यो अवस्था भनेको हाम्रो पारम्परिक कमजोरी तथा चेतनाको पुनरावृत्ति हो । हाम्रो चेतनाले परिवर्तनलाई आत्मसाथ गर्न सकेको छैन । महिला अधिकार को विषय घर घरमा आमाहरुले भोगेको पिडालाई हेरेर मैले आफू राजनीतिमा २०५३ सालमा प्रवेश गरे संगै सामाजिक साँस्कृतिक परिवर्तन खोजेको हुँ । त्यसै कारणले नै तत्कालिन महिला अधिकार सम्बन्धी विषेश सार्वजनिक महत्वको प्रस्तावलाई समर्थन गरेको हुँ । अहिले पनि समाजमा द्वन्द बाँकीनै छ । महिलालाई अधिकार सम्पन्न बनाएर जाने वा आफै अधिकार राख्ने कुरा । नागरिकता सम्बन्धी विधेयक यसैको परिणाम स्वरुप राष्ट्रिय सभामा विचाराधिन अवस्था छ ।

### नारायण प्रसाद साउद : पूर्व सांसद

२०४८ सालमा पाँच प्रतिशत महिला प्रतिनिधी भएर समस्या थियो । तर



२०६३ मा ३३ प्रतिशत बनाउने भन्ने दुत पार्टीहरुले समेत मान्य तयार नभएकोले यो महत्वपूर्ण प्रस्ताव राखेर आरक्षण सहित महिला सहभागिता बनाउनु पर्छ भन्दा महिलाहरुको चासो र अठोरले यो कार्यक्रम सफल भयो । आजको उपस्थितिले महिला नेतृत्वमा छन भन्ने प्रमाणित भएको छ । महिला सम्वेदनशिल निर्णय गर्दछ भन्दै महिला उपप्रमुखलाई न्यायीक अधिकार दिइएको छ ।

### थम माया थापा : महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री

"प्रथम महिला अधिकार दिवस २०७६" यो ऐतिहासिक दिन स्थापना गर्न



धेरै संघर्ष भएका थिए । २०६३ जेठ ४ गते जनआन्दोलनका महत्वपूर्ण उपलब्धीहरु सदनवाट पास गरिरहँदा महिला हक अधिकार नसमेटिनु र त्यसको विरोधमा संसद र सडकमा भयो । त्यस पछि सदनबाट जेठ १२ गते महिला अधिकार सम्बन्धि संकल्प प्रस्ताव तत्कालिन माननीय विद्यादेवी भण्डारी प्रस्ताव र नारायण प्रसाद साउद, नवराज सुवेदी तथा कमला पन्तको समर्थनमा दर्ता भयो र जेठ १६ गते संसदबाट पास भयो । यो ऐतिहासीक दिनलाई राष्ट्रिय दिवसको रुपमा मनाउने नेपाल सरकारले २०७६ जेठ ६ गते निर्णय गरेकोले नेपाली महिलामा थप उर्जा प्राप्त भएको छ ।

महिला हिंसालाई रोक्न स्थानीय तहबाट कार्यक्रम र योजना बनाउ र वर्षभरीका लागि कार्यक्रम संचालन गर्न अनुरोध गर्दछौं । महिलाहरुले समय, पद र अवसर पाए भने राम्रो गर्दछन् भनेर स्थापित गर्न तपाईहरुको थप योगदानको आवश्यकता छ । स्थानीयतहमा महिला बालबालिका शाखा राख्ने पहल गर्न पनि अनुरोध गर्दछु । अब बजेटको समय भएकोले महिला अधिकार र आर्थिक शक्ति राज्यमा जोडन पहल गर्न समेत अनुरोध छ ।

यस कार्यक्रममा महासंघ भन्दा महिला मन्त्रालय बढि सक्रिय हुनचाहयो फलत भेलाका सहभागिलाई दिन खोजिएको सिकाई सामाग्री तथा उहाँहरुबाट खोजिएको सिधा प्रतिक्रिया र भोगेका वास्तविक चुनौति त्यति धेरै सुक्ष्म कुराहरुको संकलन गर्न र त्यसको निकासको लागि सुझाउन सकिएन तथापि कार्यक्रम सफल भयो । यसको श्रेय माननीय मन्त्री, माननीय विन्दा पाण्डे तथा जिल्ला समन्वय समिति महासंघ नेपालका अध्यक्षलाई छ । त्यसमा पनि महत्वपूर्ण आर्थिक तथा प्राविधिक सहयोग जुटाई दिने यु.एन.ओमन धन्यबादको पात्र छ । यसका कार्यक्रम अधिकृत श्री नविनिता सिन्हा (भारतिय नागरिक) तथा श्री पाल्मु शेर्पा (नेपाली नागरिक) लाई महासंघ हार्दिक धन्यबाद ज्ञापन गर्दछ ।

# महिला अधिकार दिवसः यसले ल्याएका संभावना र चुनौती

## "लैङ्गिक विभेदको अन्त्य : समृद्ध नेपालको गन्तव्य"

नेपाली महिला आन्दोलनले उठाएको मुद्दाहरुको वि.सं. २०६३ जेठ १६ गते संस्थागत रुपमा मूल प्रवाहिकरण भई स्थापित भएको खुशियाली र अधिकार प्राप्त गरेको दिनका रुपमा मनाउने नेपाल सरकारको हालैको निर्णय (नेपाल सरकार मन्त्रीपरिषदको मिति २०७६।२।६) ले जिल्ला समन्वय समिति महासंघ नेपाललाई गर्वलागेको छ । स्थानीयतहको हैसियत र संविधान प्रदत्त काम कर्तव्र्य र अधिकार का पक्षवाट राष्ट्रिय विकासमा जिल्लाहरुमा राज्यका सबै संयन्त्र त्यसमा पनि स्थानीय पालिकाहरसंगको सहकार्य समन्वय र सहजकर्ताको भूमिकामा प्रभावकारी हुनसके समग्र राष्ट्को विकासमा राजनितिक सुझबुझ तथा श्रोत साधनको पहिचान र परिचालनमा योगदान दिन सकिन्छ भनेर कार्य गर्ने सिलशिलामा नेपालको आधा जनसंख्या ओगटेको महिलालाई सामाजिक ब्यवहारमा पुरुष सरहको सन्मान र सहजता तथा नीती निमार्णतहमा महिला मैत्री एवं समावेसी वातावरणका लागि देशभरका महिला नेतृहरुमा समान बुझाई र एकवध्दता गराउने पहल स्वरुप महिला अधिकारका लागि संर्घषरत अगुवाहरुले सडक र सदनवाट बुलन्दगरेको आवाजको सुनुवाईलाई संस्थागत गरि नेपालमा महिला मैत्री सविधान वनाउन सफल भएको ऐतिहासिक उपलब्धीको वारेमा जानकारी दिन तथा निर्वाचित महिला जनप्रतिनिधिहरु लाई आफनो पदिय अधिकारको परिचानमा परेका कठिनाईसंग साक्षातकार गराउदै कार्यान्वयनका लागि विज्ञहरुवाट सुझाव सहितको प्रस्तुतिकरण गर्ने र समग्रमा अधिकार कर्तब्यको लागि खटनु पर्ने तर्फ इङ्गित गर्दै यसलाई खुशी बाँडने अवसरका रुपमा एकै थलोमा जुटाउने प्रयास महासंघको नेतृत्वतहले निर्णयगरेको विषयले संधिय सरकारको महिला, वालवालिका तथा जेष्टनागरिक मन्त्रालय बिषेशत माननीय मन्त्री थम माया थापालाई आर्कषित गऱ्यो । फलतः प्रत्येक बर्ष जेष्ट १६ गते लाई राष्ट्रिय महिला अधिकार दिवस को रुपमा मनाउने सरकारी निर्णय सहित कार्यक्रमको आयोजक हुने प्रस्ताव सहितको पत्र महांसघमा प्राप्त भएको लाई सकारात्मक रुपमा लिंदै सरकारसंग सहआयोजक भएर यो कार्यक्रम मनाउन महासंघ राजी भएको हो ।

सम्माननीय प्रधानमन्त्रीले उपस्थिति दिएर भेलामा उपस्थित महिला नेतृहरुलाई हौस्याउनुका साथै महिलाको समान सहभागिता र संलग्नता विना नेपालको विकास संभव नहुने र संम्बृध्द नेपाल, सुखी नेपाली हुन प्रत्येक नेपाली नारीले सामाजिक, राजनिक आर्थिक क्षेत्रमा कहिपनि आंसु झार्न नपर्ने अवस्था आवश्यक छ र यसका लागि वर्तमान सरकारको प्रतिबध्दता जनाउनु भएको छ ।

नेपालको धर्म संस्कृती र परम्परामा नारीलाई शक्तिको स्वरुप मानिएको भएतापनि सामाजिक जीवन र ब्यवहारमा महिलालाई पुरुष सरह हक, अधिकार दिएको पाँईदैन । घरभित्रको काममा लाग्ने र पुरुष कडा परिश्रम गर्न घरबाहिर जाने गरेका कारण महिलाले वाह्य वातावरणबारे खासै जानकारी नपाउने भएकाले घरपरिवारमा पुरुषहरु निर्णयकर्ता र आर्थिक तथा भौतिक श्रोत साधनको नियन्त्रक भएर रहँदै गए ।

महिलालाई शिक्षा-दिक्षा पनि किन आवश्यक पऱ्यो भने झैं छोरालाई अनिवार्य पढाउनुपर्ने, गुरुकुल जाने स्वकिृति हुने तर छोरीहरु घरमै सुरक्षितबस्ने तथा धर्मका नाममा कलिलो उमेरमै विवाह गरेर पराईघर पठाउने संस्कार बस्दै आउँदै गर्दा पुरुष महिलाको चेतनाकोस्तर र सामाजिक विधी ब्यवहारमा भूमिकामा नै ठूलो भिन्नता आएको र सामाजिक ब्यवहारका निती नियम कानून बन्दा समेत महिलाको हक हितबारे पुरुष सरह नभएको सत्यवाट आजको समाज अञ्जान हुनु हुदैन । संसारभर मानव विकासको अभियान चलिराख्दा महिलाले आफूलाई पनि पुरुष सरह मानव अधिकार हुनुपर्ने र महिलालाई अवसर दिनुपर्ने विषयमा आवाज उठाउनु पर्ने र संघर्ष गर्नुपर्ने अवस्था टरेको छैन ।

आधुनिक समाज विकासका लागि महिलाको योगदान सामान्य घरभित्र चुल्हो, चौको मात्र नभएर आय आर्जन, सामाजिक मूल्य मान्यताका लागि दायित्व किटान जस्ता विषय थपिदै गएर भएको छ । नेपालको संविधानले जातजाति, भाषा, धर्म तथा लैंङ्गिक हिसावले कसैलाई भेदभाव गरीने छैन भनि उल्लेख गरेतापनि ब्यवहारमा भिन्नता भेदभाव कायम रहेकोले वर्तमान नेपालको संविधानको धारा ३८ मा ब्यवस्था भएको महिलाको मौलिक हक तथा अन्य धाराहरुमा ब्यवस्था भएको महिला सहभागिता तथा महिला लक्षित अन्य प्रावधानहरु अनुसार कार्यान्वयन गर्नका लागि आवश्यक निती निर्माण गर्न सहजिकरणका हिसावले पनि यो कार्यक्रमको आयोजना गर्न महासंघले पहल तथा तयारी गरेको लाई नेपाल सरकारको विभागीय मन्त्रालयले समेत साथ दिएर आयोजना गरेको हुँदा यसको विशेष महत्व रहेको महासंघलाई महशुस भएको छ ।

एक दिने उक्त कार्यक्रमलाई राजनितिक तथा नेतृत्वमा महिलाको उपस्थिति र त्यसवाट सामाजिक तथा आर्थिक रुपान्तरणमा पर्ने सकारात्मक प्रभावलाई नियाल्दा संसथागतरुपमा निम्न विषय स्थापित भएका छन् :

१. नेपाली महिलाको हक अधिकार बैधानिक रुपमा स्थापित भएको दिन जेठ १६ लाई प्रत्येक वर्ष राष्ट्रिय दिवसको रुपमा मनाइने (मिति २०७६ जेठ ६ गतेको नेपाल सरकार मन्त्रीपरिषदको निर्णय भइसकेको)

२. स्थानीय तहमा निर्वाचित महिला जनप्रतिनिधीहरु (७७ वटै जि.स.स., २९३ नगरपालिका र ४६० गाउँपालिका) लाई एकै थलोबाट उहाँहरुको काम, कर्तब्य र अधिकारको कार्यान्वयनका चुनौती र सम्भावनाबारे सम्बन्धित मन्त्रालयको तर्फबाट प्रस्तुती तथा महिला सशक्तिकरणको अभ्यासमा महिला हिंसा विरुद्धको अभियानबारे सम्बन्धित मन्त्रालयको प्रस्तुतीबाट साझा बुझाईका साथै समन्वय र सहभागिताको महत्व प्रष्ट् भएको ।

३. महिला अधिकारहरुको कार्यान्वयन सबै स्थानीयतहबाट वार्षिक रुपमा स्थायी कार्यक्रमको विषयसूची बनाई योजना तथा बजेट विनियोजनलाई संस्थागत गर्ने मन्त्रणा गरिएको।

४. प्रदेश तथा स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरुको लागि लक्षित गरेर क्षमता विकासका कार्यक्रमहरु निरन्तर संचालन, अनुगमन तथा कार्यसम्पादनको प्रगति विवरण सम्बन्धित सबै जिल्ला सभा, पालिकासभाहरु, प्रदेश सभाहरु तथा संघीय मन्त्रालयमा पठाउने कार्यका लागि आउंदा दिनहरुमा जिल्ला समन्वय समिति महासंघ नेपालले महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयसंग रणनीतिक साझेदारको रुपमा कार्यक्रमहरु निर्माण तथा सञ्चालनको लागि समन्वय गर्नेमा मन्त्रालय प्रतिबध्द रहेको।

यसरी वर्षभरिनै विभिन्न कार्यक्रमहरुको आयोजना गरि महिला हिंसा विरुद्धको अभियान वर्ष २०७६ मनाउने सन्दर्भमा सबै गाउ नगरपालिकाहरुले आफ्नो नियमित कार्यक्रममा महिला हिंसालाई रोक्ने प्रयास प्राथमिकताको विषय हुनुपर्छ भन्ने हामीलाई लाग्दछ । महिला हिंसाका विभिन्न कारणहरुको खोजीगर्ने, पहिचान गर्ने र त्यसको निराकरणका उपायहरु पत्ता लगाउन कार्यक्रमहरु निर्देशित हुनुपर्दछ । यो विषयनै सामाजिक विकासको क्रममा स्थानीय सरकारको मुख्य कार्य बन्नेमा महासंघ विश्वास गर्दछ ।

# "नेपाल सरकारको आ.व. २०७६/७७ को नीति तथा कार्यक्रमले राष्ट्रिय विकासमा जिल्ला समन्वय समितिको प्रभावकारी भूमिका देख्यो"

संविधानको धारा २२० को ७ मा उल्लेख भएका काम, कर्तव्य र अधिकारलाई स्थापित गराउने क्रममा स्थानीय तह सञ्चालन ऐन २०७४ को दफा ८१ देखि ८६ सम्मको व्यवस्था भएपनि संघीयताको कार्यान्वयनका सन्दर्भमा नगर/गाउँपालिकाहरुले कार्यकारीणी भूमिका पाएको तर जिल्ला समन्वय समितिलाई अनुगमन, समन्वय तथा जिल्लाको सन्तुलित विकासको सहजिकरणगर्ने काम तोकिए पनि ऐनले प्रष्ट उल्लेख नगरेको तथा विगत दुईवर्ष सरकारका निति तथा कार्यक्रम सञ्चालन गरिंदा जिल्लाको भूमिकालाई नदेखिए झैं गर्दा आशातित् परिणाममा विकासको गति अघि बढ्न सकेन एवं पाएको अधिकारको परिचालनलाई कार्यकारी भूमिकामा रहेका पालिकाहरुले बुझ्न सकेनन् वा व्यवस्थापन गर्न जानेनन् । परिणाममा न्यून विकास बजेटको खर्च तथा वित्तिय अनियमितता समेत बढेको कुरा विभिन्न सञ्चार माध्यममा आउने समाचारहरुले र महालेखा परिक्षकको प्रतिवेदनले समेत पुष्टि गरिसकेको छ ।

जिल्ला समन्वय समिति महासंघ नेपालले आफ्नो पुनःगठनदेखि नै संविधानमा उल्लेखित जिल्ला सभा र जिल्ला समन्वय समितिको काम, कर्तव्य र अधिकार परिचालनका लागि आवश्यक कानुन एवं निति र कार्यक्रमहरु दिन नेपाल सरकारमा विभिन्न किसिमले अनुरोध, अधिवाचन एवं दवावहरु दिइदै गरेको सन्दर्भमा यस पटक संघीय बजेट पूर्व नै जिल्ला समन्वय समितिहरु तथा महासंघलाई सक्रिय बनाउनु पर्ने आधार एवं आवश्यक पर्ने स्रोत साधनको मस्यौदा प्रस्ताव नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री, अर्थ मन्त्री एवं राष्ट्रिय योजना आयोगमा लिखित प्रस्ताव पेश गरि सम्बन्धित पदाधिकारी संग महासंघ कार्यसमितिले अन्तरक्रिया एवं बहस गरेको परिणाम स्वरुप आ.व. २०७६/०७७ को निति तथा कार्यक्रम (बजेट) को बुँदा नं. २८३. मा संघीयता कार्यान्वयनका सम्बन्धमा तर्जुमा हुन बाँकी संघीय कानुनहरु तर्जुमा गरिनेछ । संघ, प्रदेश र स्थानीय तहले कानुन बनाउँदा समन्वय गर्ने सयन्त्र विकास गरिनेछ । जिल्ला समन्वय समितिलाई स्थानीय तहको क्षमता विकास, विकास निर्माण कार्यको अनुगमन, तथ्यांक संकलन एवं प्रतिवेदन तयारी गरि गैर सरकारी संस्थाहरुको अनुगमन कार्यमा प्रभावकारी उपयोग गरिनेछ । भनि माननीय अर्थमन्त्रीज्यूले प्रस्तुत गर्नुभएको प्रति महासंघ हार्दिक ज्ञापन गर्दछ ।

यस अनुसार सबै जिल्ला समन्वय समितिहरुले के के गर्न सकिन्छ कार्यक्रमको खाका बनाई बजेट निकासाका लागि महासंघमा अविलम्ब प्रस्ताव पठाउँनुपर्ने अहिलेको आवश्यकता हो ।

# UCLG ASPAC First Session of 2019 Executive Bureau Meeting in YIWU China




ADCCN made its presence at United Cities and Local Governments Asia-Pacific (UCLG ASPAC) First Session of 2019 Executive Bureau Meeting and Yiwu Dialogue on International Economic Trade Cooperation Under the Belt and Road Initiative that was held in Yiwu, China from May 21 – 24, 2019.

Meeting was sponsored by Yiwu Municipal Government of China. Beside UCLG/ASPAC meeting there was Yiwu Imported Commodities fair.

It was self finance trip and DCC Kailali Chief Mr. Surya Bahadur Thapa and DCC Siraha Deputy Chief Mr. Saroj Kumar Yadav open their Pandora box and manage to participate in that event together with Secretary General Mr. Krishna Chandra Neupane.

Our team attended joint meeting culture and women in local government committee on May 21, 2019 chaired by UCLG/ASPAC chair Mr. Namiyoon Kim, Jejn special governing province of South Korea.

It was announced that the cultural exchang in East Asia Cultre cities (Jejn – Korea, Ning bo-China and Nasa-Japan has already jointed. Jejn would like to include many cities in Asia Pacific. It was shared that ADCCN would like to encourage Lalitpur Metro city for their involvement in this program from Nepal)

ADCCN team also participated in a meeting of South- South West Standing Committee meeting chaired by the South- Asian team and it was informed that last September 12, 2018 standing committee meeting and the congress in Surabaya Indonesia. There was also reporting from AIILSG, Mr. Ravi Guru about sub-regional office & New Delhi update (September 2018 to February 2019)

Secretary General of ADCCN Mr. Krishna Chandra Neupane proposes to add the activitiy report from ADCCN, Nepal in this quarter which was already submitted to secretariat. It was agreed as Dr. Bernadia Irannei, executive Secretary General of UCLG/ASPAC appreciated ADCCN's participation and contribution for timely reporting.

# ADCCN is a Partner of Login Association



Local Governance Initiative and Network (LOGIN ASIA) organized first face to face forum of LOGIN Association in Bangkok, Thailand from 2-4 April, 2019. This event was to enable potential members of LOGIN and Associates to contribute to setting up the governance and working system of LOGIN.

LOGIn invited to executive secretary general Mr. Krishna Chandra Neupane for participation in the program. During the 3 days meeting newly started LOGIN Association was briefted by sharing its constitution, discussed on strategic plan & result framework and members engagement and learning platefrom.

There were several group work and presentation as well as country base presentation on status of local governance. There was two other Nepali Institutions (INLOGOS and SWEETI) besides ADCCN and joint prsenetation was done by ADCCN, it was arranged as gallery visit session. There were 60 participants from 13 countries delegates and 8 invities as resource person and network group. ADCCN's behalf Mr. Krishna Chandra Neupane presented about the potential of Association for the local level governmance strengthing and urged cooperation from LOGIN to the capacity building nitiatives as the Federalism is new for Nepal.

# जिल्ला समन्वय समिति महासंघ नेपालको

# संस्थागत सुदृढीकरण अभियानः

जिल्ला समन्वय समिति महासंघ नेपालका संघीय गतिविधि र त्यसका प्रयासमा प्रदेशस्तरको संलग्नता तथा प्रदेश मार्फत जिल्लाहरु र पालिकास्तरमा जिल्ला समन्वय समितिका लागि संविधानमा व्यवस्था भएका कार्यसम्पादनलाई संघियता कार्यान्वयनको पक्षबाट अब्बल र तथा विशिष्टिकृत कार्य गर्ने अपरिहार्य संरचना भएको कुरा पुष्टी गर्नु आवश्यक छ । यसका लागि जिल्ला समन्वय समिति महासंघ नेपालले नयाँ वर्ष २०७६ को सुरुवात संघै महासंघ प्रदेशहरुको संस्थागत सुदृढिकरण गर्ने अभियान केन्द्रीय कार्यसम्पादन समितिले निर्णय गरि सुरुवात गरे अनुसार यहि २०७६ बैशाख २२ गते कर्णाली प्रदेशस्तररिय जिल्ला समन्वय समिति महासंघ भेलाको आयोजना प्रदेश राजधानी सुर्खेतमा सम्पन्न गरियो । उक्त भेलामा प्रदेशका डोल्पा जि.स.स.




बाहेक अन्य सबै जिल्लाको जिल्ला समन्वय समिति पदाधिकारीको उपस्थिति रहेको थियो उक्त भेलाले प्रदेश कार्य समितिको पुर्नःगठन गर्नुका साथै प्रदेश सरकारसंग नतिजामूखी सहकार्य गर्ने गरी घोषणा पत्र पारित गर्नुका साथै प्रदेश मुख्य मन्त्रीलाई ध्यानाकर्षण प्रस्ताव समेत प्रस्तुत गरेको

छ । जसमा जिल्ला समन्वय समितिहरुलाई सक्रिय क्रियाशिल बनाउन प्रदेश सरकारले आवश्यक स्रोत साधनको प्रवन्धका साथै नितीगत व्यवस्था मिलाई दिन आग्रह गरिएको छ ।

उक्त कार्यक्रममा महासंघ केन्द्रिय अध्यक्ष श्री सीता कुमारी सुन्दास, प्रवक्ता श्री नवराज गेलाल, केन्द्रिय सदस्य एवं दैलेख जि.स.स. उप प्रमुख श्री लक्ष्मीदेवी शाहको उपस्थिति थियो । उक्त कार्यक्रममा कर्णाली प्रदेशका सामाजिक विकास मन्त्री माननीय श्री दल बहादुर रावलज्यूले प्रमुख अतिथिको आसनबाट जिल्ला समन्वय समितिहरुलाई प्रभावकारी परिचालन गर्न प्रदेश सरकारको सहयोग रहने छ भन्ने उल्लेख गर्नुभएको थियो । कार्यक्रममा महासंघ प्रवक्ताज्यूले महासंघले हालसम्म गरेका क्रियाकलाप जिल्ला समन्वय समिति सञ्चालन एवं त्यसका लागि आवश्यक स्रोत साधनको प्रवन्ध गर्ने सम्बन्धमा संघीय सरकार एवं प्रदेश सरकारहरुसंग गरेको प्रस्ताव, वकालत एवं विभिन्न प्रदेशमा जि.स.स. सम्बन्धका निती नियमबारे उल्लेख गर्दै कर्णाली प्रदेश महासंघले गर्नुपर्ने महत्वपूर्ण कार्यका बारे सुझाव सहितको मन्तब्य ब्यक्त गर्नुभएको थियो ।

कर्णाली प्रदेश जिल्ला समन्वय समिति महासंघको नवगठित पदाधिकारीहरुको निम्नानुसार रहनु भएको छ ।

| क्र.सं. | नाम | पद | जि. स. स. |
|---|---|---|---|
| १. | श्री राजकुमार शर्मा | अध्यक्ष | रुकुम (पश्चिम) |
| २. | श्री कार्मा बुढा | उपाध्यक्ष | जुम्ला |
| ३. | श्री प्रेम बहादुर थापा | प्रवक्ता | दैलेख |
| ४. | श्री देवी भट्टराई | सदस्य | सुर्खेत |
| ५. | श्री धन बहादुर रावत | सदस्य | हुम्ला |
| ६. | श्री पूर्ण बहादुर रोकाय | सदस्य | मुगु |
| ७. | श्री सुस्मिता सुनार | सदस्य | सल्यान |
| ८. | श्री कल्दर सिंह | सदस्य | जाजरकोट |
| ९. | श्री कर्ण सिला मल्ल | सदस्य | मुगु |

# Participation in NATIONAL WORKSHOP ON" Effectiveness of Harmonization LAPAs in Building Resilience of Vulnerable Communities: Experiences of Anukulan/BRACED in Nepal"

(April 12th 2019)



Anukulan BRACED (**Building Resilience and Adaptation to Climate Extremes and Disaster)** is UK Aid funded project which primarily focuses on building the resilience of 6,00,000 poor and vulnerable people, especially women and children to climate change impacts like floods, landslides and drought. The project is being implemented in six districts of Nepal namely Surkhet (Province-6), Bardiya (Province-5), Kailali, Kanchanpur, Doti and Dadeldhura (Province-7) since January 2015, and will end in June 2019. The consortium implementing this project consists of 4 international, 4 national and 6 partners with iDE as the prime.



The project aims to capacitate smallholder farmers to increase income by taking advantage of small farm economic opportunities and investments in climate-smart technologies facilitated through the commercial pocket approach (CPA). Overall objective of the project is to improve the well-being of poor people in Nepal, especially women and children, despite their exposure to climate-related shocks and stresses having 4 specific outcomes which includes, poor people received support to reduce vulnerability to climate related shocks and stress, increased capacity of local government, civil society and private sector to respond to climate related shocks and stresses, better understanding of what works in building resilience to climate related shocks and stress and integration into DRR approaches and finally, improved policies integrating DRR and climate change adaptation are in place at local and national level. The CPA facilitates a Public Private Partnership to develop last mile supply chains for CSA and locally managed collection centers that provide market access, information, seek solutations to climate impacts, and provides

sustainable farmer organization to engage in the LAPA process. The collection centers elect a Marketing and Planning Committee from member farmer groups, creating a sustainable farmer As network participation from ADCCN side I was asking the working mechanism with DCC. According to the project they started from 2015 and there was DPAC meeting with district level stakeholders under the convenership of the DDC.



*Listening the project outcomes and benefit the project support to the local. The Mayor of Basgadi Municipality Bardiya Mr Salikram Adhikari.*

organization that provides grass roots representation of agriculture in climate adaptation planning.

The objective of the sharing workshop is to share the experiences, learning and practices of harmonised LAPA in building resilience of vulnerable communities. Specifically;

- To share harmonization approaches, processes and outcomes within Anukulan project among national level stakeholders;
- To present the importance of harmonised LAPA in building resilience of vulnerable communities;
- Highlight the Commercial Pocket Approach in agriculture to cope with Climate Adpation
- To share the local knowledge of farmers and government in implementing harmonized LAPAs.
- To share the experiences of the mainstreaming/ Integration of the GESI and DRR in the LAPA processes.

**Expected Outcome:**

To contribute and integrate the learning and practices of Harmonised LAPA in the Federal Level policies formation processes- Updating LDCRP guideline, strengthened the LAPA revision Approach Paper. In addition, the experiences and learning to be disseminated widely and can integrate by National Stakeholder in their own work.

# जिल्ला समन्वय समिति राजनितिक समन्वयको कडि

*२०७५ माघ २५ गते,* जिल्ला समन्वय समिति काठमाडौंको भवनमा जिल्ला समन्वय समिति रुकुम पश्चिमको समन्वय र सहयोगमा वरिष्ठ अधिवक्ता/पूर्व महान्यायधिवक्ता मुक्ति नारायण प्रधानले लेख्नुभएको पुस्तक स्थानीय सरकार संचालन ऐन २०७४ को व्यवस्था अनुसार (दफा ४७ (१) र दफा ४८ को) प्रत्येक पालिकाका उपप्रमुखको संयोजकत्वमा रहने न्यायिक समितिको कार्यविधि र प्रक्रिया तयार गरी ठूलो गुण लगाएको कुरा उक्त पुस्तकको विमोचन गर्ने कार्यक्रमका प्रमुख अतिथि पूर्व प्रधानमन्त्री एवं नेकपाको अध्यक्ष श्री पुष्पकमल दहाल 'प्रचण्ड' ले पुस्तक विमोचन गर्दै बताउनु भएको हो ।




उहांले संघियता कार्यान्वयनमा सबैको साथ र सहयोग आवश्यक रहेको कुरा उल्लेख गर्दै उपयोगी पुस्तक प्रकासनमा सहयोग गर्ने जिल्ला समन्वय समिति रुकुम (पश्चिम) लाई विशेष धन्यबाद दिनुभयो ।

स्थानीय तहलाई अधिकार सम्पन्न बनाउन संघले आनाकानी र ढिलाई गर्दा माओवादीको वलिदानी सफलताको प्रतिफल जनतामा नपुग्ने र यसले अर्को माओवादी जन्मन बलपुग्ने तर्फ संकेत गर्दै सबैलाई चनाखो हुन आह्वान गर्नुभयो । तत्कालिन माओवादी कमाण्डार जिल्ला समन्वय समितिको कार्यक्रमलाई सम्बोधन गर्न आइपुग्नु सम्पूर्ण जिल्ला समन्वय समितिको लागि गर्वको विषय हो किनकी संविधानमा जिल्ला समन्वय समितिको हैसियत नदेखेर वा जिल्ला राख्न हुन्न भन्ने पक्ष यसतर्फ सकारात्मक हुनुलाई जिल्ला समन्वय समिति महासंघ नेपालले वास्तवमै संविधान प्रदत्त समन्वय र अनुगमनको भूमिकामा रहने जिल्ला समन्वय समितिहरु विकास निर्माण लगायत राजनितिक नेतृत्वको समन्वय व्यवस्थापनमा पनि सहयोगी र सहजकर्ता हो भन्ने प्रमाणित भएको छ । जिल्ला समन्वय समिति रुकुम ( पश्चिम)लाई महासंघको तर्फबाट हार्दिक धन्यबाद ।






# महासंघको संजालिकरण सम्बन्धी गतिविधिः




विगत वर्षदेखिनै LOGIN ASIA ले स्थानीय शासन व्यवस्था तथा त्यसको सुदृढिकरणकालागि दक्षिण एसिया र पूर्वी एसिया लगायतका देशका स्थानीय शासन व्यवस्था तथा त्यसको विकास विस्तारका लागि कार्यरत सरकारी, गैर सरकारी तथा विज्ञहरुका लागि अनुभव आदान प्रदान, नयाँ खोज, अनुसन्धानको विषय अवगत गराउने जस्ता कार्य स्वीस सरकारको सहयोगमा गर्ने गरेको र क्षेत्रीय रुपमा समय समयमा गोष्ठी, कार्यशाला आयोजना गर्ने गरेको रहेछ ।

विषयवस्तु e-bulletine मा response गरिने विषय तथा Concept note आदिका माध्यमबाट त्यस्ता कार्यक्रममा सहभागि छनौट गरी संस्थागत अनुभव आदान प्रदानको प्रवन्ध हुने गर्दो रहेछ । त्यसै सिलसिलामा उक्त सञ्जाल विधिवत रुपमा स्वीट्जरलैण्डमा दर्ता गरी यसै क्षेत्रका स्थानीय शासनको प्रवर्द्धन, सहजिकरण जस्ता कयौं अभ्यासमा लगेका संस्थाहरुलाई सदस्यता दिने गरी आब्हान भउकोमा महासंघको तर्फबाट पनि धारणा सहित उक्त सञ्जालमा समावेश हुने गरी online अनुरोध गरिएकोमा Login Asia ले स्वीकार गरी महासंघको विधान तथा भावी कार्यदिशाबारे रणनीति बनाउन गत 21-23 March, 2019 मा Kerala Institute of Local Authority को सहकार्यमा भारतको केरलामा ३ दिने कार्यशाला गोष्ठी गरेको थियो। उक्त गोष्ठीमा महासंघको तर्फबाट महासचिवले सहभागिता जनाउनु भएको थियो ।



## जिल्ला समन्वय समिति महासंघ नेपाल कार्य सम्पादन समितिको मिति २०७६ जेठ १ गते बुधबारको बैठकको निर्णय ः

जिल्ला समन्वय समिति महासंघ नेपाल कार्य सम्पादन समितिको नियमित बैठक प्रत्येक महिनाको १५ गते र महासंघ केन्द्रिय समितिको बैठक प्रत्येक ३ महिनाको एक पटक कार्यसम्पादन समितिको बैठकको भोलिपल्ट १६ गते बस्ने निर्णय गरिन्छ ।

# जिल्ला समन्वय समिति महासंघ नेपाल प्रदेश नं. १

# अनुशिक्षण कार्यक्रम

जिल्ला समन्वय समिति महासंघ नेपाल प्रदेश नं. १ ले २०७५ फागुन १२ गते विराटनगरमा जिल्ला समन्वय समितिलाई सशक्त र अधिकार सम्पन्न निकायका रुपमा स्थापित गराउनका लागि अनुशिक्षण कार्यक्रम आयोजना गरिएको थियो । जिल्ला समन्वय समिति महासंघ नेपाल प्रदेश नं. १ अध्यक्ष तथा जिल्ला समन्वय समिति खोटाङ्का प्रमुख बबि चाम्लीङ्को अध्यक्षता, जिल्ला समन्वय समिति महासंघ नेपालका उपाध्यक्ष सन्तमान तामाङको उपस्थितिमा यस अनशिक्षण कार्यक्रम सम्पन्न भएको थियो ।

स्थापना कालदेखि नै जिल्ला समन्वय समितिहरुलाई अधिकार सम्पन्न बनाउनका लागि आवाज उठाउँदै आएको महासंघले प्रदेश नं. १ का १४ वटै जिल्ला समन्वय समितिका प्रमुख, उप-प्रमुख र सदस्यलाई भेला गराएर अनुशिक्षण कार्यक्रम सञ्चालन गरेको थियो । हाल हरेक जिल्ला समन्वय समिति अधिकार विहिनताको अवस्थाबाट गुज्रेकाले भूमिकासहितको जिल्ला समन्वय समिति बनाउन यस कार्यक्रम सञ्चालन गरिएको थियो । अनुशिक्षण कार्यक्रममा सहभागी जिल्ला समन्वय समितिका पदाधिकारी तथा सदस्यलाई वर्तमान संविधान, स्थानीय सरकार संचालन ऐन २०७४ र प्रदेश सरकारले निर्माण गरेको ऐनमा उल्लेख जिल्ला समन्वय समितिको ब्यवस्था, काम, कर्तब्य र अधिकार सन्दर्भका विषयमा मुख्य न्यायधिवक्ता चुडामणी आचार्यले र जिल्ला समन्वय समितिको भूमिका प्रभावकारी बनाउन आवश्यक कानूनकोबारेमा अधिवक्ता नारायण वस्तीते जानकारी गराएका थिए ।






## वर्ष २०७६ को आकर्षण : महिला अधिकार दिवसको घोषणा

महिला अधिकारका लागि बि.सं. २०६३ को पुनस्थापित संसदले नेपालको राजनिक परिर्वतन र गणतन्त्र नेपालको घोषणा गर्दा महिलाबर्गको सामाजिक आर्थिक रुपान्तरणका लागि कुनै कार्यगर्ने विषय समावेस नभए पछि तत्कालिन संसदका महिला सांसदहरु एकजुट भई बर्तमान राष्टपति विद्यादेवी भण्डारी प्रस्तावक र माननीय कमला पन्त, एन पि साउद तथा नवराज सुवेदी सर्मथक भएको सार्वजजिक महत्वको संकलप प्रस्ताब २०६३जेष्ट १२ गते संसदमा पेश भई २०६३।२।१६ गतेको संसद बैठकले पास गरेको थियो ।

- **आमा वा बाबु मध्ये कसैको नामबाट पनि सन्तानले नागरिकता पाउन सक्ने कुराको ग्यारेन्टी गर्न ।**
- **समानुपातिक सहभागिताको लक्ष्यमा पुग्ने कुरालाई ध्यानमा राखी हाललाई कम्तीमा एक तिहाई महिलालाई राज्यको सबै संरचनामा सहभागिताको ग्यारेन्टी गर्न ।**
- **विभेदकारी कानुनको खारेजी गर्न ।**
- **महिलाप्रति हुने गरेको हिंसाको अन्त्य गर्न ।**

२०७६ जेठ ६ गते नेपाल सरकार मन्त्री परिषदको निर्णय अनुसार हरेक वर्ष जेठ १६ गतेलाई महिला अधिकार दिवसको रुपमा मनाउने घोषणा भयो । यस महासंघले यस वर्षभरि सम्बन्धीत मन्त्रालय र यु.एन.ओमेनको सहकार्यमा महिला हिंसा विरुद्धका अभियानलाई लक्षित गरि विभिन्न क्षमता विकास तथा जनचेतना अभिवृद्धिका कार्यक्रम ७७ वटै जिल्लामा सञ्चालन गर्ने तयारी गर्दैछ ।






प्रथम राष्ट्रिय महिला अधिकार दिवस कार्यक्रमको सम्माननीय प्रधानमन्त्रीबाट उद्‌घाटन गर्नु हुँदै







नेपाल नगरपालिका संघको २६ औं वार्षिकोत्सव कार्यक्रममा




महासंघको कर्णाली प्रदेश स्तरीय प्रथम भेला







महासंघको सुदूरपश्चिम प्रदेश स्तरीय प्रथम भेला






गण्डकी प्रदेश भेला



















महिला जनप्रतिनिधिको कार्यसम्पादन सम्भावना र चुनौती विषयक अन्तरक्रिया कार्यक्रम

***सम्पादन :*** *कृष्णचन्द्र न्यौपाने,* ***सामग्री संकलन तथा लेआउट :*** *दिनेश श्रेष्ठ*

**जिल्ला समन्वय समिति महासंघ नेपाल** Association of District Coordination Committees of Nepal (ADCCN)
☎: 977-15554081, 5529202 **Fax #** 977-1-5548469 Sanepa Mode, Lalitpur,
**E-mail :** addcn@addcn.org.np; adccn77@gmail.com **URL:** www.addcn.org.np